# वेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क: ०९९-४१३१२१,
०९९-४१३१२२

प.सं:- २०८२/०८३
च.नं.

## तहवृद्धिका लागि आवेदन फाराम पेस गर्ने सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।२०)
(सूचना नं. १२/०८२/८३)

सुदुरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २७ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, दफा ३१ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा सुदुरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८२ को नियम ५२ अनुसार यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको बिवरण,
६. विभागीय कारबाहीमा परि प्रचलित कानुन बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
७. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

..............................
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत